नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.न: ३२

मितिः २०७३/६/२

**विषयः** खुला दिसामुक्त क्षेत्र घोषणा सम्बन्धमा सम्बन्धमा।

श्री जिल्ला विकास समितिको कार्यालय (७५ वटै),

खानेपानी तथा सरसफाई मन्त्रालयको प.स.०७३/७४, च.नं.८, मिति २०७३/०४/३१ गतेको पत्रबाट खुला दिसामुक्त क्षेत्र घोषणा कार्यक्रमलाई थप प्रभावकारी बनाउने सम्बन्धमा पछिल्ला दिनहरुमा खुला दिसामुक्त क्षेत्र घोषणा कार्यक्रम बढी खर्चिलो तथा भड्किलो हुँदै गएको सन्दर्भ उल्लेख खर्चिलो तथा भड्किलो कार्यक्रमले सरसफाईको मर्म र दिगोपनमा समेत नकरात्मक प्रभाव पार्न सक्ने हुँदा हाम्रो मौलिकता र जनताको उत्साहमा कमि नआउने गरी तपसिलका बुंदाहरुलाई ध्यानमा राखी खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने र गराउने व्यवस्था मिलाउन अनुरोध भै आएकाले सोहि बमोजिम गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल:

१. खुला दिसामुक्त कार्यक्रमलाई सकेसम्म कम खर्चालु अर्थात् मितव्ययि बनाउने
२. कार्यक्रमको मुख्य अतिथि तथा विशेष अतिथिको रुपमा सम्भव भएसम्म स्थानीय विशिष्ट व्यक्तित्वहरुलाई प्राथमिकता दिई आमन्त्रण गर्ने,
३. बाहिरबाट अतिथिहरुलाई आमन्त्रण गर्दा उँहाहरुकै संस्थाले यातायात तथा अन्य खर्चहरु व्यहोर्ने गरी मात्र आमन्त्रण गर्ने,
४. स्थानीय उपभोक्ता, समुदाय, विद्यालय, संघ संस्थाहरुको व्यापक सहभागिता सुनुश्चित गर्ने प्रयास गर्ने,
५. सरसफाई अभियानको प्रवर्धन तथा घोषणा कार्यक्रमको कभरेज गर्दा संभव भएसम्म स्थानीय संचार माध्यमहरुलाई विशेष प्राथमिकता दिने,

६/२

(रमिला भण्डारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा विद्युतीय शासन शाखा : website मा upload गर्नु हुन।
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं।